मिति : २०७५ मंसिर २६ गते

# प्रेश विज्ञप्ती

## युवा तथा खेलकुद मन्त्रीद्धारा भारतीय नेताहरुसँग भेटघाट

भारत भ्रमणमा रहनुभएको नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री तथा नेकपाका नेता जगतवहादुर सुनार विश्वकर्माले भारतका विभिन्न नेताहरुसँग भेटघाट गर्नुभएको छ ।

भारत स्थित नेपाली दुतावासमा मन्त्री विश्वकर्माले सत्तारुढ भारतीय जनता पार्टी (विजेपी) का केन्द्रीय उपाध्यक्ष दुस्यन्त गौतम, विजेपीकै प्रवक्ता तथा पूर्व अनुसूचित जाती तथा जनजाती आयोगका अध्यक्ष डा. विजय सोनकर शास्त्री, विजेपीका लोकसभा सांसद डा. उदित राज र कांग्रेश आईका हरियाना प्रदेशका अध्यक्ष, अशोक तनवारसँग द्धिपक्षिय भेटघाट गर्नुभएको हो । भेटमा दुई देशवीचको सम्वन्ध र पार्टीहरुका वीचको सम्वन्धलाई अझ सुमधुर वनाउने विषयमा छलफल भएको छ । भेटका अवसरमा भारतीय नेताहरुले नेपालको विकासका वारेमा जिज्ञासा राखेका थिए । साथै उनीहरुले भारतमा अनुसुचित जाती तथा जनजातीको अधिकारका वारेमा भएको प्रगतीका वारेमा जानकारी गराएका थिए ।

सो अवसरमा मन्त्री विश्वकर्माले नेपाल सरकारले स्थायित्व, विकास र समृद्धिको लक्ष्य लिएर अगाडि वढेको जानकारी दिदैं वर्तमान सरकारले पछाडि पारिएको वर्ग र समुदायलाई विकासको मुलप्रवाहमा ल्याउनका लागि काम गरिरहेको जानकारी दिनुभयो ।

सुशील विके

स्वकीय सचिव

युवा तथा खेलकुद मन्त्री